# लोक सेवा आयोग
# बागलुङ कार्यालय
## बागलुङ

फोन नं.:- ०६८-५२२६४७, ५२०१४७ Website: www.psc.gov.np Email: baglung@psc.gov.np

## शाखा अधिकृत वा सो सरह पदको प्रारम्भिक परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना !!!

**सूचना नं. ३०/०८१-८२, मिति २०८१/१२/१४**

लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी काठमाण्डौको विज्ञापन नं. १६७०१-१६७०७/०८१-८२ (खुला/समावेशी) संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गत नेपाल प्रशासन/लेखापरीक्षण/संघीय संसद सेवा (परराष्ट्र सेवा बाहेक) रा.प. तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरह पदमा **परीक्षा केन्द्र बागलुङ** राखि Online दरखास्त पेश गरी दरखास्त फाराम स्वीकृत भएका सम्पूर्ण उमेदवारहरूको प्रथम चरणको लिखित परीक्षा आयोगको पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार देहायको मिति, समय र स्थान **(परीक्षा भवन)** मा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू तल द्रष्टव्य मा उल्लेख गरिएको छ ।

**साथै, सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरूले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखि लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा शुरू हुने मितिभन्दा १० दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ ।**

### परीक्षा कार्यक्रम

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|
| प्रथम | प्रशासनिक अभिरुची परीक्षण (Administrative Aptitude Test) | वस्तुगत बहु-वैकल्पिक | २०८१/१२/३० गते शनिबार बिहान ११:०० बजे | १ घण्टा ३० मिनेट |

### परीक्षा भवन

| क्र.सं. | रोल नं. | | उम्मेदवारको संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | ५१०००१ | ५१०१५० | १५० | लोक सेवा आयोग, बागलुङ कार्यालयको परीक्षा भवन |
| २ | ५१०१५१ देखि माथिका बाँकी सबै उम्मेदवारहरू र परीक्षा केन्द्र परिवर्तन गरी आएका सम्पूर्ण उम्मेदवारहरू | | | धवलागिरी बहुमुखी क्याम्पस, बागलुङ |

**द्रष्टव्य:**

१) आयोगको पूर्व सूचना बिना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन ।
२) **प्रवेश-पत्र** बिना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराईने छैन । उम्मेदवारले प्रवेश-पत्रको साथै नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कल प्रमाणपत्र/परिचयपत्र लिई उपस्थित हुनु पर्नेछ ।
३) परीक्षा शुरू हुने समयभन्दा **१ (एक) घण्टा अगावै** परीक्षा केन्द्रमा उपस्थित भई सक्नु पर्नेछ ।
४) परीक्षा भवनमा **मोबाईल फोन, स्मार्ट वाच लगायत अन्य विद्युतीय सामाग्री निषेध** गरिएको छ । साथै, परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन ।
५) परीक्षामा **कालो मसीको कलम/डट्पेन** मात्रै प्रयोग गर्नु पर्नेछ । साथै, उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाईने छैन ।
६) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशन पूर्ण रूपमा पालना गर्नु पर्नेछ ।
७) उम्मेदवारलाई तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराईने छैन ।
८) उम्मेदवारलाई उत्तरपुस्तिका बुझाई सकेपछि मात्र परीक्षा भवनबाट बाहिर जान दिईनेछ ।

बागलुङ परीक्षा केन्द्र राखि दरखास्त फाराम स्वीकृत भएका उम्मेदवारहरूको नामावली हेर्न यहाँ Click गर्नुहोस ।

| | | |
|---|---|---|
| ........................... | ........................... | ........................... |
| (कुलमान श्रेष्ठ) | (खड्क बहादुर रोकाया) | (खुबी राम पोखेल) |
| नायब सुब्बा | शाखा अधिकृत | उप-सचिव |